नेपाल सरकार
राष्ट्रिय सुरक्षा परिषद्को
सचिवालय
२०५८

फोन नं. : ४-२००१५७, ४-२००१५८
फ्याक्स नं. : ४-२००१४८
इमेल : office@nscsec.gov.np
सिंहदरबार, काठमाडौं, नेपाल ।

# प्रेस विज्ञप्ति

मितिः- २०८२/११/२० गते।

## राष्ट्रिय सुरक्षा परिषद्को बैठक सम्पन्न भएको सम्बन्धमा

आज मिति २०८२/११/२० गते सिंहदरबार स्थित राष्ट्रिय सुरक्षा परिषद्को सचिवालयमा सम्माननीय प्रधानमन्त्री एवम् राष्ट्रिय सुरक्षा परिषद्का अध्यक्ष श्री सुशीला कार्कीज्यूको अध्यक्षतामा माननीय अर्थमन्त्रीज्यू, माननीय गृहमन्त्रीज्यू, माननीय परराष्ट्रमन्त्रीज्यू, माननीय श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्रीज्यू (आमन्त्रित सदस्य), मुख्य सचिवज्यू, प्रधान सेनापतिज्यू लगायतको उपस्थितिमा राष्ट्रिय सुरक्षा परिषद्को ४२ औं बैठक सम्पन्न भएको छ। उक्त बैठकमा मिति २०८२ साल फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनको सुरक्षा व्यवस्थाको समिक्षा गर्दै निर्वाचनका लागि आवश्यक पर्ने सम्पूर्ण तयारीहरु पूरा भएको तथा प्रतिनिधि सभा सदस्य निर्वाचन निष्पक्ष, भयरहित, शान्तिपूर्ण र त्रृटिरहित ढंगबाट सम्पन्न गर्ने बिषयमा छलफल भयो।

साथै, राष्ट्रिय सुरक्षामा आउन सक्ने विविध चुनौतीहरु तथा राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरमा देखा परेका पछिल्ला घटनाक्रमले राष्ट्रिय सुरक्षामा पार्न सक्ने प्रभाव तथा चुनौतीहरु र अपनाउनु पर्ने भावी रणनीतिहरुको सम्बन्धमा समेत छलफल गरी मुलुकमा शान्ति सुरक्षा र अमनचयन कायम गर्न सम्बन्धित सुरक्षा निकायहरुलाई थप प्रभावकारी र समन्वयात्मक रुपमा परिचालन गर्ने समेत छलफल भयो।

(केदारनाथ शर्मा)
सचिव, रक्षा मन्त्रालय
एवम्
सदस्य-सचिव
राष्ट्रिय सुरक्षा परिषद्